आ.व. २०८१/०८२

बैठक संख्या २

आज मिति २०८१/०५/१२ गते बुधबारका दिन दिउँसो १:०० बजे यस रामपुर नगर कार्यपालिकाको दोस्रो कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | वडाध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७ | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३ | श्री देवका पोखेल | कार्यपालिकासदस्य | |
| १४ | श्री सीमा देवि थापा | कार्यपालिकासदस्य | |
| १५ | श्री माया देवी नेपाली | कार्यपालिकासदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिकासदस्य | |
| १७ | श्री दुर्गा देवी भण्डारी गौतम | कार्यपालिकासदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिकासदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिकासदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिकासदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को दोस्रो कार्यपालिकाको बैठकका

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा
२. कालीगण्डकी नदिको बहसका लागि प्रतिनिधि तोक्ने सम्बन्धमा ।
३. योजना छलफल सम्बन्धमा
४. विविध

निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०४/२५ गते बसेको पहिलो कार्यपालिका बैठकको निर्णयहरुको देहायबमोजिको समिक्षा गरियो ।

१.आ.व. २०८०/०८१ मा यस नगरपालिका अन्तर्गतका शाखाहरुबाट सम्पादन गरिएका कामहरुको सम्बन्धमा वार्षिक समिक्षा गरिएको ।

२.रामपुर नगरपालिकाको वार्षिक कार्ययोजना (क्यालेण्डर) को सम्बन्धमा छलफल गरिएको ।

३.LISA/FRA लगायत अन्य सूचक सम्बन्धमा छलफल गरिएको ।

४.आर्थिक वर्ष २०८१/०८२ को लागि यस नगरपालिका अन्तर्गत विनियोजित योजनाहरुको कार्यान्वयन सम्बन्धमा वडामा उपभोक्ता समिति गठन भदौ १ गते देखि सम्पूर्ण वडाहरुबाट सुरुवात गरिएको ।

५.रामपुर नगरपालिका क्षेत्र(साबिक गाँडाकोट, दर्छा, रामपुर, खालिवन र गेझा गा.वि.स) भित्र आंशिक स्वीकृति लिई वा स्वीकृती नलिई निर्माण भएका तथा स्वीकृति लिएका तर मापदण्ड पुरा नगरी बनेका आफ्नो जग्गाधनी प्रमाणपत्र भित्रका भवनहरुको अभिलेखिकरण गर्ने प्रयोजनको लागि यस पूर्व सूचना प्रकाशन भएकोमा नगरवासीहरुबाट म्याद थप माग भई आएकोले मिति २०८१/०५/०१ गते देखि लागु हुने गरी ३० दिन म्याद थप गर्ने गरी सूचना प्रकाशन गरिएको छ ।

CamScanner

६.रामपुर नगरपालिका अन्तर्गत स्वास्थ्य शाखा अन्तर्गत संघीय शसर्तबाट अन्तर्गतको दरबन्दीमा अहेब २ पद, अनमी १ पद रिक्त रहेकोले उक्त दरबन्दी बमोजिम मिति २०८१/०५/०५ देखी १५ दिनको लागी दरखास्त आह्वान सूचना प्रकाशन गरिएको ।

७.यस नगरपालिका अन्तर्गत प्राविधिक शाखामा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसार वडा कार्यालय, घरनक्शा शाखा, पूर्वाधार शाखामा कामकाज गर्ने गरी खटाइएको ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा रामपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालयलाई समेत विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा परेको रिटल निवेदन उपर वहस, पैरवी गर्नका लागि अधिवक्ता खेमराज न्यौपाने र अधिवक्ता भुवन डोटेललाई नियुक्ति गर्ने साथै पारिश्रमीक आपसी समझदारीका आधारमा दिने निर्णय गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ को लागि यस नगरपालिका अन्तर्गत विनियोजित योजनाहरुको कार्यान्वयन सम्बन्धमा वडामा उपभोक्ता समिति गठन भदौ १ गते देखि भदौ १५ गतेसम्म तोकिएकोमा सम्पूर्ण वडाहरुको उपभोक्ता समिति गठन सम्बन्धी प्रगति विवरण प्राप्त गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिकाको यस आ.व. अन्तर्गत साउन महिनामा सम्पादित गरिएका कामहरु मासिक प्रगति समिक्षा तथा मासिक बुलेटिन सम्बन्धमा छलफल गरिएको ।

५. निर्णय नं. ५, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिका अन्तर्गत अव्यवस्थित बसोवासीका लागि ७०३ जनालाई जग्गाधनि प्रमाण पुर्जा श्रेस्ता कायम गरिएकोमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ को दफा १४ मा श्रेस्ता पुर्जामा अद्यावधिक गरेको १० (दश) वर्षसम्म बिक्री वितरण गर्न नपाउने व्यवस्था भएबमोजिम उक्त व्यवस्थाको सम्बन्धमा जग्गा बिक्री वितरण गर्न पाउने

व्यवस्थाका सम्बन्धमा सम्बन्धित निकायमा जाने प्रतिनिधि (Delegation) लाई सिफारिस गर्ने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ४ माथि छलफल गर्दा विषयमा रामपुर नगरपालिका क्षेत्रभित्र संकलन गरिने कबाडी मालसामानमा कवाडी निकासी कर लगाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-९ को दफा ६१ मा भएको व्यवस्था बमोजिम कवाडी संकलन निकासी कर ठेक्काको लागि आ.व. २०८१/०८२ को आर्थिक ऐनमा तोकिएको दरमा निकासी कर उठाउने गरि न्यूनतम ठेक्का रु ३,००,०००/-(रु तिन लाख) कायम हुने गरि १५ दिने बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

७. निर्णय नं. ७, प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८१/०८२ अन्तर्गत विनियोजन गरिएको मागमा आधारित कृषि तथा पशु साझेदारी कार्यक्रम र यस नगरपालिका अन्तर्गत वडा नं. १ र वडा नं. २ लाई बालमैत्री वडा घोषणा गर्न लागिएकोमा सो सम्बन्धी काम समेत गर्नका लागी परियोजनामा काम गरेको १ जना अनुभवि व्यक्तिलाई दैनिक ज्यालादारीमा खटाउने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ४ माथि छलफल गर्दा त्रेता युगमा मर्यादा पुरुषोत्तम श्रीरामले मन पराएर बास गरेको भन्ने मान्यता रहेकोले यस स्थानको नाम रामपुर नामाकरण रहेको यस रामपुर नगरपालिका क्षेत्रमा हिन्दु धर्मालम्विको बाहुल्यता समेत रहेको यस क्षेत्रमा एकादशी र औंशीको दिनमा समेत पशुवद हुदाँ हिन्दु धर्मालम्विको धार्मिक आस्थामा आघात पुगेको हुँदा एकादशी र औंशीको दिनमा पशुवली र पशुवद गर्न नपाउने सूचना प्रकाशन गर्ने र सन्देश प्रवाह गर्ने निर्णय गरियो ।

९. निर्णय नं. ९, प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्री सरस्वती माध्यमिक विद्यालय, रा.न.पा-२ को च.नं. ०४, पत्र संख्या ०८१/०८२, मिति २०८१/०४/२७ गतेको पत्रानुसार अविरल वर्षाका कारण उक्त विद्यालयमा रहेको शौचालय भवन अगाडी पहिरो गई शौचालय भवन जोखिममा परेकोले उक्त क्षेत्रमा मेसनरी पर्खाल निर्माण गर्नुपर्ने हुँदा पर्खाल निर्माण तथा भौतिक सुधार कार्यक्रम अन्तर्गत विद्यालय भवन रंगरोगनको लागि आवश्यक बजेट माग गरेकोमा प्राविधिक इस्टिमेटका र मूल्याङ्कनका आधारमा भुक्तानी गर्ने गरि निर्णय गरियो ।

CamScanner

१०. निर्णय नं. १०, प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेको उप-प्रमुख कोसेली घर सञ्चालनमा रहेकोमा उक्त कोसेली घरमा प्राप्त हुने सामाग्री संकलन र बिक्री गर्ने कार्यका लागी १ जना व्यक्तिलाई खटाउने साथै बिक्री गर्दा हुन आउने नाफाबाट रु ८,०००/- (रु आठ हजार) उक्त व्यक्तिलाई उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner

११.निर्णय नं. ११, प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामपुर नगरपालिकाको आ.व. २०७९/०८० को १७ औ कार्यपालिकाको बैठकको निर्णय बमोजिम नागरिकता नभएका असहाय, विपन्न जेष्ठ नागरिकलाई वडा मुचुल्का तथा वडाको सिफारिसमा प्रति महिना रु. १५०० का दरले हुन आउने रकम आर्थिक सहायता शीर्षकबाट खर्च हुने गरी उपलब्ध गराउने गरी उक्त निर्णयलाई यस आ.व. वर्षमा पनि निरन्तरता दिने निर्णय गरियो साथै वडा नं. ८, ९ अन्तर्गत जब्गादी मार्गको लागि साउन, भदौ र असोज महिनाका लागि २ जना हेरालु राख्ने गरि मासिक रुपमा रु १२,०००/- पारिश्रमिक रकम उपलब्ध गराउने निर्णय गरियो ।